# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७९

स्वीकृत मितिः २०७९/०८/०७

वन ऐन, २०७६ तथा वन नियमावली, २०७९ को प्रयोजनको लागि आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधारका आयोजनाहरुको छनौट एवम् कार्यान्वयन कार्यलाई सहज, समयवद्ध र प्रभावकारी बनाउन राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने कार्यको लागि यो मापदण्ड तयार गरी जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः यस मापदण्डको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड २०७९" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना भन्नाले सरकारी वा सार्वजनिक निजी साझेदारीमा संचालन हुने विकास आयोजनालाई सम्झनु पर्दछ।

(ख) विकास आयोजना भन्नाले वन ऐन, २०७६ को दफा ४२ बमोजिम वन क्षेत्र प्रयोग गर्न अनुमती प्राप्त गरेको विकास आयोजना सम्झनु पर्छ र सो शव्दले ऐनको दफा ४३ बमोजिम खनिज पदार्थ उत्खनन गरी प्रशोधन र बिक्रि वितरण गर्न नेपाल सरकारको सम्वन्धित निकायबाट स्वीकृती प्राप्त आयोजनालाई समेत सम्झनुपर्दछ।

(ग) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ९ मा उल्लेखित उद्योगहरुलाई सम्झनु पर्छ।

३. राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना हुन पुग्नु पर्ने न्यूनतम मापदण्डः कुनै विकास आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त भनी निर्धारण गर्दा तपसिल अनुसारको मापदण्ड पुगेको हुनु पर्नेछः

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) श्रोत/लगानी सुनिश्चितताको प्रमाण भएको,

(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको,